# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मितिः २०८३ भदौ २१ गते / 6 September 2026

## ०१ Protection Cluster अन्तर्गत मनोसामाजिक कार्यदलको बैठक

- रसुवा, नुवाकोट र धादिङ कार्यक्षेत्र
- ६१ जना मनोसामाजिक परामर्शकर्ता परिचालन (NDRRMA Portal)
- हेल्पलाइन र 5W विवरण अद्यावधिक

२०८३ भाद्र २१ गते Protection Cluster अन्तर्गत मनोसामाजिक कार्यदलको बैठक बसी रसुवा, नुवाकोट र धादिङका बाढी प्रभावित क्षेत्रमा प्रदान गरिएको मनोसामाजिक प्राथमिक सहायता (Psychosocial First Aid) को समीक्षा तथा सेवा प्रभावकारी बनाउन आवश्यक समन्वयबारेमा छलफल भयो। आगामी दिनमा सबै होल्डिङ सेल्टर तथा अन्य प्रभावित क्षेत्रमा सेवामा दोहोरोपना नहुने गरी मनोसामाजिक परामर्शकर्ता परिचालन गर्ने, रेफरल प्रणालीका लागि परामर्शकर्ताको सूची अद्यावधिक गर्ने तथा सेवा प्रदायक संघ/संस्थाले अनिवार्य रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको portal मा 5W विवरण नियमित अद्यावधिक गर्ने निर्णय भयो। साथै, उक्त बैठकमा हेल्पलाइन सहितको सूचना, शिक्षा तथा सञ्चार सामग्री निर्माण गरी सेवाको प्रचारप्रसार गर्ने विषयमा छलफल भयो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको portal मा अद्यावधिक विवरणअनुसार हालसम्म ६१ जना मनोसामाजिक परामर्शकर्ताले सेवा प्रदान गरिरहेका छन्।

## ०२ भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि पूर्वाधार व्यवस्थापन

- राष्ट्रिय बालअधिकार परिषद् समन्वय
- गोदावरी नगरपालिका (सरसफाइ, रङरोगन, JCB र इन्जिनियर)
- नेपाल प्रहरीद्वारा २४ घण्टे सुरक्षा
- रेडक्रस र स्काउट स्वयंसेवक परिचालन

भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि केन्द्रको पूर्वाधार व्यवस्थापन तथा तयारी सम्बन्धी राष्ट्रिय बालअधिकार परिषद्को समन्वयमा नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट लगायतका सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक सम्पन्न गरी संस्थागत कार्य विभाजन र समयसीमा पुनरावलोकन गरिएको छ। गोदावरी नगरपालिकाबाट जनशक्ति परिचालन गरी संरक्षण केन्द्र स्थलको सरसफाइ तथा रङरोगन कार्य अघि बढाइएको छ भने जमिन सम्याउने र प्राविधिक व्यवस्थापनका लागि गोदावरी नगरपालिकासँग JCB तथा इन्जिनियर सहयोग माग गरिएको छ। नेपाल प्रहरीले उक्त स्थानमा २४ घण्टे सुरक्षा व्यवस्था मिलाएको छ। नेपाल रेडक्रस सोसाइटी र नेपाल स्काउटबाट संरक्षण केन्द्र स्थल निर्माण तथा मर्मत कार्यमा स्वयंसेवक परिचालन गरिनेछ।

## ०३ विपद् प्रभावित ज्येष्ठ नागरिकका लागि स्वास्थ्य शिविर सञ्चालन

| २०० जना | १०१ जना | ४८ / ५३ | ६० जना | निःशुल्क |
|---|---|---|---|---|
| कुल स्वास्थ्य सेवा | ज्येष्ठ नागरिक | महिला / पुरुष | तनाव/परामर्श सेवा | औषधि तथा जाँच |

विदुर नगरपालिकाको समन्वय र विभिन्न संघसंस्थाहरू (जेरियाट्रिक सोसाइटी अफ नेपाल, बिम्ब नेपाल आर्ट अफ लिभिङ, रोटरी क्लब अफ गोदावरी, रोटरी क्लब अफ काठमाडौं, रोटरी क्लब अफ ग्रीनल्यान्ड काठमाडौं) को आयोजनामा भाद्र २० गते, शनिवार, विदुर नगरपालिका-३, सिटखाली, नुवाकोटमा विपद् प्रभावित ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी ज्येष्ठ नागरिक रोग विशेषज्ञ सेवा तथा परामर्श (Geriatric Health Care and Counseling), हाडजोर्नी तथा अर्थोपेडिक सेवा (Orthopedic Consultation), छालासम्बन्धी सेवा (Dermatology Consultation), मनोचिकित्सकीय सेवा (Psychiatric Consultation), मुटुरोगसम्बन्धी सेवा (Cardiology Consultation), औषधि वितरण, रक्तचाप तथा रक्तमा चिनीको मात्रा जाँच (BP & Sugar Testing) तथा मनोसामाजिक परामर्श सेवा (Psychosocial Counseling) लगायतका स्वास्थ्य सेवाहरू सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भयो। उक्त शिविरबाट कुल २०० जनाले स्वास्थ्य सेवा प्राप्त गरेका थिए, जसमा १०१ जना ज्येष्ठ नागरिक (महिला ४८ र पुरुष ५३) रहेका थिए। शिविरमा ज्येष्ठ नागरिक रोग विशेषज्ञ, अर्थोपेडिक्स, मुटु रोग, दन्त तथा अर्थोप्याथी स्वास्थ्य सेवाका साथै ६० जना ज्येष्ठ नागरिक तथा उनीहरूका परिवारका सदस्यलाई तनाव व्यवस्थापन एवं मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको थियो।

**बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट (भाग २)**

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ २१ गते / 6 September 2026

## ०४ विपद् प्रभावित स्थानीय तहमा रहेका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार

**आकस्मिक हवाई उद्धार** रसुवा आमाछोदिङमो–३ की २९ वर्षीया फुर्पु यामो तामाङ र नवजात शिशुको गत्लाङ स्वास्थ्य चौकी पश्चात् परोपकार प्रसूति गृहमा सफल उद्धार

रसुवा जिल्ला आमाछोदिङमो गाउँपालिका वडा नं ३ निवासी वर्ष २९ कि फुर्पु यामो तामाङले गत्लाङ स्वास्थ्य चौकीमा बच्चा जन्माए पश्चात् आमा र नवजात शिशु दुवैलाई जटिल स्वास्थ्य समस्या सृजना भएकोले निजहरूको हवाई उद्धार गरी परोपकार प्रसूति गृहमा ल्याइएको छ। २०८२ भदौमा ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार सम्बन्धी कार्यविधिमा संशोधन गरी बाढी पहिरोले सडक सञ्जाल अवरुद्ध भएमा विशेष परिस्थितिमा अन्य सुगम भौगोलिक क्षेत्रबाट समेत ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशु (२४ घण्टाभित्रको) लाई हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन सकिने प्रावधान राखिएको थियो।

## ०५ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

| ६ वटा | रू. २.८४ करोड | ५० नयाँ + २ संशोधन | रू. ४०.५७ करोड |
|---|---|---|---|
| भाद्र २१ थप स्वीकृत परियोजना | आज स्वीकृत कुल बजेट | भाद्र १५–२१ सम्म स्वीकृत (४७ संस्था) | स्वीकृत कुल प्रतिकार्य बजेट |

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र २१ गते थप ६ वटा परियोजना (कुल बजेट रू २ करोड ८४ लाख ६६ हजार ५२८) स्वीकृत गरिएको छ। यससँगै भाद्र १५ देखि २१ गतेसम्म ४७ वटा संस्थाको ५० वटा नयाँ परियोजना स्वीकृति तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु ४० करोड ५७ लाख ९१ हजार ४३४ बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

## ०६ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

**एकद्वार नीति कार्यान्वयन:** राहत सामग्रीहरू NDRRMA, DDMC, LDMC, DAO, स्थानीय तह, सुरक्षा निकाय तथा स्वास्थ्य इकाईलाई हस्तान्तरण गरी पारदर्शी वितरण भइरहेको छ।

| ४१ INGOs कुल राहत सहयोग | NP २१ NGOs कुल राहत सहयोग |
|---|---|
| **रू. ३६ करोड ४८ लाख ६०,७७७** | **रू. १२ करोड ८६ लाख ३४,४००** |
| रू. ३ करोड ९९ लाख ९०,५७७ PM राहत कोषमा जम्मा | रू. ६५ लाख ७१,४२५ PM राहत कोषमा जम्मा |

**क** समाज कल्याण परिषद्बाट प्राप्त विवरण अनुसार हालसम्म ४१ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. ३६ करोड ४८ लाख ६० हजार ७७७ बराबरको राहत सामग्री सहयोग गरेका छन्। हालसम्म अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नगद रू. ३ करोड ९९ लाख ९० हजार ५७७ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गरेका छन्।

**ख** हालसम्म २१ वटा राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू. १२ करोड ८६ लाख ३४ हजार ४०० बराबरको सहयोग गरेका छन्। यसका साथै, राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हालसम्म नगद रू. ६५ लाख ७१ हजार ४२५ प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ।